का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ साउन २०७९,
शुक्रबार
29 July 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नु
वर्ष २०, अंक १७४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# एकसाथ अनेक समस्या

लगातार अविरल वर्षा भइरहँदा राजधानी शहरको फोहोर नउठेर दुर्गन्धित बनेको बेला कोरोनाको संक्रमण बढ्नु, महँगी बढ्नु लगायत समस्या एकसाथ आइलागेको छ । विशेषगरी मध्यम वर्गका परिवारलाई राजधानी उपत्यकामा बाँच्नै कठिन बनेको छ ।

कैलालीको गौरीफन्टा सीमा नाका भएर रोजगारीका लागि भारत जाँदै गरेका नेपाली । तस्वीरः मीन ठकुरी, रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

लगातार अविरल वर्षा भइरहेकाले सरकारी निकायले हरेक दिन राजधानीबासीलाई सतर्कता अपनाउन आग्रह गरिरहेको छ। बागमती, बिष्णुमति, टुकुचा लगायतको बाढीबाट सतर्कता अपनाउन राजधानीबासीमा अनुरोध गरिदै आएको छ । राजधानी उपत्यकाका नदी किनारमा घरहरु बनेकाले बस्तीमा बाढी पस्ने भएकाले जोगिन आग्रह गरिएको हो । वर्षायामका बेला राजधानी उपत्यकामा आइपर्ने यो वर्षेनिको समस्या हो।

तर यसपटक भने लगातारको वर्षाले निम्त्याएको समस्या मात्रै राजधानीबासीले खेपिरहेका छैनन् । यसैबेला फोहोर नउठेर राजधानी दुर्घन्धित बन्न पुगेको छ। केहीदिन देखि काठमाडौं उपत्यकाका सडकका किनार फोहोरको थुप्रोले भरिन थालेको छ। फोहोरको चाङलाई अविरल वर्षाको असरले थप दुर्घन्धित बन्न पुगेको छ। यहाँका नागरिकको अपेक्षा भने साउनदेखि राजधानी उपत्यकाको फोहोर व्यवस्थित तरिकाले उठ्ने थियो ।

किनभने शहरी विकास मन्त्रालय, काठमाडौं महानगर र सिसडोल-बञ्चरेडाडाँका स्थानीयबीच साउन १ गतेदेखि फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउने समझदारी जुटेको थियो । त्यस सहमति अनुसार, कुहिने र नकुहिने फोहोर वर्गीकरण गरेर व्यवस्थापन हुनुपर्ने हो । तर फोहोर छुट्याउने सहमति कार्यान्वयन हुन सकेन ।

यसबीच फोहोर व्यवस्थापन हुँदै आएको बञ्चरेडाडाँका स्थानीयले फेरि अवरोध सिर्जना गरेको छ । सहमति कार्यान्वयन नभएकाले फोहोर व्यवस्थापन रोकेको उनीहरुको भनाइ छ । अझ भदौदेखि भने पूर्ण रुपमै अवरोध गर्ने चेतावनी त्यहाँका स्थानीयले दिएका छन्। सहमति कार्यान्वयन भन्दा पनि स्थानीयलाई धोका दिनेगरी सरकारले अन्य विकल्पमाथि काम गर्न थालेको भन्दै अवरोधको चेतावनी दिइएको छ। फोहोर व्यवस्थापनमा देखिएको अवरोधले गर्दा अविरल वर्षाकै अवधिमा राजधानी शहर दुर्घन्धित हुन पुगेको छ ।

लगातारको वर्षा र फोहोर मिसिएपछि राजधानी उपत्यकाका नागरिकको स्वास्थ्यमा समस्या देखिएको छ । यसैबेला कोरोना महामारीको संक्रमण बढेको छ। सन् २०१९ देखि फैलिएको कोरोना महामारीको संक्रमणले ठूलो क्षति बेहोर्नु

– बाँकी पृष्ठ २ मा

# अपेक्षा अधुरै परिणाम पुरानै

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

गत साउन १ गतेबाट काठमाडौं महानगरपालिकाले फोहोर व्यवस्थापनमा समस्या भएको भन्दै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्नुपर्ने मापदण्ड बनायो । यत्तिसम्म कि फोहोर नछुट्याउनेको घरबाट फोहोर नलैजाने चेतावनी समेत दिएको थियो ।

साउनदेखि व्यवस्थित रुपमा फोहोर व्यवस्थापन हुने तयारी र अपेक्षा बिपरीत राजधानी उपत्यका फेरि दुर्घन्धित बनेको छ । सडकका कुना फोहोरको चाङले भरिन थालेको छ ।

तर, साउनको आधा महिना हुन लागला समेत न फोहोरको व्यवस्थापन भएको छ, न सही वर्गीकरण । बरु काठमाडौंका मुख्य सडकका कुनाकुनामा फोहोर उहीँ तरिकाले थुप्रिएको छ। जसले गर्दा दुगन्र्ध मात्रै फैलिएको छैन, पैदलयात्रु र गाडीको आवजजावतमा समेत समस्या भएको देखिन्छ।

काठमाडौं महानगरपालिकाकी वातावरण विभागका प्रमुख सरिता राईका अनुसार, स्थानीयवासीको अवरोधका कारण फोहरका गाडी सिसडोल र बञ्चरेडाँडाका बीचमा लामबद्ध भएर बसेका छन् । आठ दिनपछि बिहीवार उपत्यकाबाट करिब ६० गाडी फोहर बोकेर गए पनि स्थानीयवासीको अवरोधका कारण फोहरको व्यवस्थापन हुन नसकेको हो ।

एक महिनाअघि कामपा र स्थानीयबीच लिचडको व्यवस्थापन हुनुपर्ने, सडक मर्मतको काम पूरा गर्नुपर्ने, दुर्गन्ध हटाउने जस्ता सहमति भएको थियो। बाटो मर्मतकै कारण उपत्यकाका १८ स्थानीय तहको फोहर व्यवस्थापनको काम रोकिएको थियो ।

नागरिकलाई कडा निर्देशन दिएपनि महानगर स्वयंले भने फोहोरको उचित व्यवस्थापन गर्न सकेको छैन। पछिल्लो समय महानगर लगायत काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहोर व्यवस्थापन कार्य जटिल बन्दै आएको छ। नुवाकोटको

– बाँकी पृष्ठ २ मा



# संघमा निर्विरोध सहमतिको निर्णय एशोसिएसनद्वारा खारेज

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सहमतिको आधारमा गर्ने पुरानो निर्णय खारेज गरेको छ। एशोसिएसन अध्यक्ष कुमुद खनालको अध्यक्षतामा बिहीबार बसेको कार्यसमितिको बैठकले गत पुसमा सहमतिमा नेतृत्व छान्ने गरी भएको निर्णय खारेज गरेको हो ।

अध्यक्ष खनालले सहमतिमा संघको नेतृत्व छान्ने सात महिना पहिलेको विशिष्ट अवस्थामा विशिष्ट निर्णय भएको भएपनि त्यसको औचित्य समयक्रमसँगै सकिएको कारणले उक्त निर्णय खारेज गरिएको र अब हुने संघको निर्वाचनमा एशोसिएसनले अध्यक्षसहित सबै पदमा उम्मेदवार खडा गर्ने बताए ।

गत पुसमा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठसमेतको सद्भावमा संघ कार्यसमितिमा पाँच प्रमुख राजनीतिक दल निकट व्यवसायी संस्थाको संस्थागत प्रतिनिधित्व हुने गरी पद बाँडफाँडको निर्णय भएको थियो । संघको तत्कालीन कार्यदलले नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले सिफारिस गर्ने व्यवसायीलाई अध्यक्षमा निर्विरोध निर्वाचित गर्ने सहमति गरेको थियो ।

– बाँकी पृष्ठ २ मा

### विदेशमा काम गर्नेहरुका लागि शेयर आरक्षण

काठमाडौं/रासस- नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकलाई पनि धितोपत्रको कारोबारमा जोड्ने भएको छ । विशेषगरी विप्रेषणलाई वैधानिक तबरले भित्र्याउने तथा त्यसबाट थप पूँजीको विस्तार गर्ने लक्ष्यका साथ बोर्डले प्राथमिक शेयर निष्काशनमा १० प्रतिशत

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### संख्या सय समस्या समाधानका लागि धन्यवादको विशेष प्रस्ताव

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले बाधा अड्काउ आदेश जारी गरी सबै वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण हुने व्यवस्था गरेकोमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, सचिव सहित मन्त्रालय परिवार तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान नेतृत्वप्रति आभार व्यक्त गरेको छ। संघका महासचिव कमल काफ्लेले एसोसिएसनको निर्णयबारे जानकारी दिंदै संघका संयोजक बिमल ढकालले समस्या समाधानका लागि अनवरतरूपमा गरेको प्रयास आमव्यवसायीहरूका लागि विशेष रहेको भन्दै आभार र धन्यवाद व्यक्त गरिएको बताए ।

नेपाल सरकारको बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने पछिल्लो निर्णयले ऐनमा वार्षिक एक सय जना कामदार अनिवार्य पठाउनुपर्ने व्यवस्था खारेज हुनुपर्ने एशोसिएसनको मागलाई पुष्टि गरेको समेत महासचिव काफ्लेले बताए ।

बैठकले नेपाल डेमोक्रेटिक लयर्स एशोसिएसनका उपाध्यक्ष अधिवक्ता डा. रूद्र शर्मालाई कानूनी सल्लाहकार मनोनयन गरेको छ ।

# डोनाल्डले ल्याएको तरंग

नेपालको राजनीतिक संक्रमणमा अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुको नेपाल भ्रमण, टेलिफोन सम्वाद लगायतलाई चासोका साथ हेरिएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुको नेपाल भ्रमणलाई चासोका साथ हेरिएको छ । बिहीबार काठमाडौं आइपुगेका लुको भ्रमणलाई राजनीतिक वृत्तमा चासोका साथ हेरिएको हो ।

उनी गएको मंसिर १ गते पनि नेपाल भ्रमणमा आएका थिए। अमेरिकी दूतावासले यसपटकको भ्रमणमा विभिन्न व्यावसायिक, नागरिक तथा सरकारी नेतृत्वसँग भेटवार्ता हुने जनाएको छ। भेटवार्तामा नेपाल-अमेरिकी सम्बन्धको ७५ वर्षे लामो मित्रता र त्यसका आयामबारे छलफल हुने दूतावासको भनाइ छ ।

सँगै, नेपाल र अमेरिका बीचको आर्थिक सम्बन्धबारे पनि छलफल र प्रतिबद्धता जनाइने दूतावासको प्रष्टोक्ति छ । दक्षिण एशियाली मामिलाका सबैभन्दा

– बाँकी पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL-HANA UNITED GENERAL TRADING & CONT.CO. W.L.L.
पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९४९ LT. No.: 268215 शहरः Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 150 | 50 | स. काममा दक्ष | 85 | ३५,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा २०७८ साउन २०, २१ र २२ गते (5, 6 & 7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Pratik Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १५४१/०७८/०७९
Sinamangal - 9, Kathmandu, Nepal | Tel:01-5913092, 9813467879
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

## UAE मा वैदेशिक रोजगारको अवसर

فالترانس VALTRANS
१. कम्पनी : VALTRANS TRANSPORTATION SYSTEMS & SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८१५ LT. No.:250927 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Traffic Sign Controller And (Light Driver) | 171 | 0 | स. काममा दक्ष | 1350 | ४६,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : E H K CLEANING SERVICES L LC शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८१४ LT. No.:250893 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 24 | 19 | स. काममा दक्ष | 900 | ३१,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता सेन्टर प्वाईन्ट होटेल, विर्तामोड झापामा २०७९ साउन २३, २४ र २५ गते (8, 9 & 10 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

R.B. OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 4390215, 4390043 | Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364
Jhapa Contact No.: 9816961140 | Email:rboverseasnepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ साउन २०७९, शुक्रबार
29 July 2022, Friday

# राष्ट्रियसभाबाट नागरिकता विधेयक पारित



**काठमाडौं/मस–** राष्ट्रियसभाको बिहीबारको बैठकले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९ बहुमतले पारित गरेको छ।

गृहमन्त्री बालकृष्ण खाणले विधेयक पारित गरियोस् भनी सभामा पेश गरेको प्रस्ताव बहुमतले पारित गरेको हो। त्यसअघि प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त उक्त विधेयकमाथि सभामा छलफल भएको थियो। सदनमा सांसदबाट उठेको प्रश्नको गृहमन्त्री खाणले जवाफ दिएका थिए।

उक्त विधेयकमाथिको संशोधन प्रस्ताव राख्ने संयुक्त संशोधनकर्ताका तर्फबाट डा.बेदुराम भुसाल र गोपीबहादुर अछामीले संशोधन प्रस्ताव फिर्ता लिएका थिए।

सांसदहरु खीमलाल देवकोटा, देवेन्द्र दाहाल, विमला राई पौडेल, तुलप्रसाद विश्वकर्मा र भगवती न्यौपानेले राखेको संशोधन प्रस्ताव सभाको बहुमतले अस्वीकृत भएको थियो।

खानेपानी तथा सरसफाइ विधेयक पारित

राष्ट्रियसभाको बैठकमा खानेपानी तथा सरसफाइ विधेयक २०७९ सर्वसम्मतिले पारित भएको छ।

प्रतिनिधिसभाबाट सन्देशसहति विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको उक्त विधेयक खानेपानीमन्त्री उमाकान्त चौधरीले पारित गरियोस् भनी बैठकमा प्रस्तुत गरेका थिए।

उक्त विधेयकमाथिको छलफलमा सांसद प्रकाश पन्थले भाग लिएका थिए। सांसदले उठाएका प्रश्नको जवाफमा खानेपानीमन्त्री चौधरीले विधायन व्यवस्थापन समितिमा महत्वपूर्ण छलफल भएर विधेयक समृद्ध बनाएको जानकारी दिएका थिए।

अहिलेको अवस्थामा संविधानलाई कार्यान्विनय तथा दीगो विकास लक्ष्य पूरा गर्न सरकारले लिएको नीति र कार्यक्रम व्यवस्थापन र कार्यान्वयका लागि अति आवश्यक भएकाले विधेयक ल्याइएको उनले जानकारी दिए।

# भूमिगत उपकरणमा क्षति नपुग्ने गरी विकासका कार्य गर्न निर्देशन



**काठमाडौं/मस–** प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले खानेपानी, ढल, विद्युत् र सञ्चारसम्बन्धी सेवा विस्तार गर्ने कार्यमा आपसमा समन्वय गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिको बिहीबारको बैठकले सरकारका विभिन्न निकायबाट प्रदान गरिने खानेपानी, ढल, विद्युत् र सडक विस्तारका कार्यले सञ्चार प्रविधिसम्बन्धी भूमिगत उपकरणमा क्षति पुगिरहेको देखिएको जनाइएको छ। साथै आपसी समन्वयका आधारमा सञ्चारका प्रविधिलगायत अन्य प्रविधिमा क्षति नपुग्ने गरी कार्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई समन्वयका लागि बैठकले निर्देशन दिएको हो।

'हाल आम नागरिकको निवासमा राखिएका टावरसमेत हटाउन दबाब बढ्दै गइरहेको विषय ध्यानमा राखी सरकारका विभिन्न निकायबाट निर्माण गरिने भवनमा नै त्यस्ता टावर जडान गर्न मिल्ने गरी आवश्यक मापदण्ड बनाइ कार्यान्वयनमा सहजीकरण गर्ने व्यवस्था मिलाउन समिति निर्देश गर्दछ', निर्देशनमा भनिएको छ। समितिका सभापति कल्याणीकुमारी खड्काले नेपाल दूरसञ्चार विकास कोषबाट सञ्चालित इन्टरनेट सेवा विस्तार र सेवालाई गुणस्तरयुक्त बनाइ छिटोछरितो रुपमा सेवा विस्तार गर्ने चालु आर्थिक वर्षको स्पष्ट कार्ययोजना १५ दिनभित्र पेश गर्न समितिले सञ्चार मन्त्रालयलाई निर्देशन दिएको जानकारी दिइन्।

समितिको बैठकमा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले टेलिकम क्षेत्रमा देखिएका समस्या नीतिगतभन्दा पनि कार्यान्वयनको समस्या भएको बताउँदै ती समस्यालाई जतिसक्दो चाँडो समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे। सरकारका प्रवक्ता कार्कीले भने, 'सरकार र संसदमा पनि देश विकासको बारेमा बहस हुने गरेको छ, अब राजनीतिक स्थिरतासँगै सबै दलको एजेण्डा विकासको एजेण्डा बन्नुपर्छ।' मन्त्री कार्कीले टेलिकमको क्षेत्रमा देखिएको टावर नटिप्ने समस्या समाधान गर्दै सरकारले आगामी दिनमा इ-सिमकार्डमा जाने योजना बनाइरहेको जानकारी दिए।

नेपालमा पर्यटकीय, धार्मिक, शैक्षिकलगायत सार्वजनिकस्थलमा फ्रि-वाइफाइको व्यवस्था भइरहेको मन्त्री कार्कीको भनाइ छ। मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले शहरी र वन क्षेत्रमा टेलिकमको टावर विस्तार गर्न समस्या भएको र त्यो समस्या छिट्टै समाधान हुने बताए।

# ६ उद्योगविरुद्ध मुद्दा दायर

**दमौली/मस–**तनहुँस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले एक वर्षको अवधिमा छ वटा उद्योग विरुद्ध मुद्दा दायर गरेको छ।

गत आर्थिक वर्षमा अनुगमनका क्रममा कैफियत देखिएका तनहुँका तीन, गोरखाका दुई र नवलपुरका एक उद्योगविरुद्ध मुद्दा दायर गरिएको डिभिजन प्रमुख प्रशान्त पोखेलले जानकारी दिए।




कार्यालयले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित कृष्ण पाउरोटी उद्योग, भीमाद नगरपालिकास्थित अभिषेक बेकरी उद्योग तथा ग्लोबल एग्रो प्रोडक्ट्स, गोरखास्थित क्षितिज पुष्टकारी उद्योग तथा कुँवर एण्ड ब्रदर्श ग्रुप र नवलपुरस्थित सरस्वती डेरी उद्योग विरुद्ध सम्बद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको हो। तीमध्ये कृष्ण पाउरोटीलाई रु पाँच हजार, अभिषेक बेकरीलाई रु सात हजार ५००, क्षितिज पुष्टकारीलाई रु एक हजार, ग्लोबल एग्रोलाई रु ३० हजार, सरस्वती डेरी उद्योगलाई रु तीन हजार जरिवाना गरिएको थियो।

कुँवर एण्ड बद्रर्शको मुद्दाको भने निर्णय हुन बाँकी रहेको र अन्य २० वटा मुद्दा भने अनुसन्धानका क्रममा रहेको कार्यालय प्रमुख पोखेलले जानकारी दिए। कार्यालयले सोही अवधिमा खाद्य ऐन नियम बमोजिम १९० वटा खाद्यको नमूना सङ्कलन गरेर भैरहवास्थित प्रयोगशालामा परीक्षण गराएको थियो। दूध तथा दूग्ध पदार्थका छ, तेल तथा घिउजन्यका ३३, फलफूल तथा सागपातका २६, मसलाका १४, चिया तथा कफीका १४, नूनका दुई, खाद्यान्न, दलहन र सोसँग सम्बन्धित ४४, प्रशोधित पिउने पानीका १०, गुलियो पदार्थका १२, कन्फेक्सनरीका एक, मासु तथा मासुजन्यका एक, दानाका १३ र अन्य १३ नमूना सङ्कलन र परीक्षण गरिएको कार्यालयले जनाएको छ। कार्यालयले एक वर्षको अवधिमा खाद्य निरीक्षकको नेतृत्वमा १४५ वटा खाद्य तथा दाना बजार अनुगमन गरेको थियो।

चाडपर्वका बेला मात्र नभइ अन्य समयमा पनि नियमित बजार अनुगमन गर्दै आएको कार्यालय प्रमुख पोखेलले बताए। तनहुँ, लमजुङ, गोरखा, मनाङ र नवलपुर कार्यक्षेत्र रहेको सो कार्यालयले अनुगमका साथसाथै खाद्य स्वच्छता र गुणस्तर अभिवृद्धिसम्बन्धी गोष्ठी, वडास्तरमा सचेतना कार्यक्रम गर्दै आएको थियो भने होटलको वर्गीकरणको काम पनि गर्दै आएको थियो।

कार्यालयले उपभोग्य मिति समाप्त भएका वा हुन लागेका खाद्य पदार्थ सञ्चय तथा बिक्री वितरण नगर्न, बढी रङ्गिन तथा सडेगलेका र झिङ्गा भन्केका फोहर अस्थामा राखिएका खाद्य पदार्थ प्रयोग नगर्न, सडक पेटिमा खुल्ला राखी कुनै पनि खाद्य पदार्थ बिक्री वितरण नगर्न सम्बन्धित सबैलाई सचेतना जगाउँदै आएको छ। कार्यालयले गत वर्ष चार पटक खाद्य उद्योगीका लागि स्वच्छता र गुणस्तर अभिवृद्धिसम्बन्धी गोष्ठी, दुई पटक स्थानीय तहका लागि खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी गोष्ठी गर्नाका साथै सरोकारवालासँग अन्तर्क्रिया पनि गरेको जनाएको छ।

# परीक्षणको १४ प्रतिशतमा संक्रमण पुष्टि

**काठमाडौं/मस–** पछिल्लो समय कोरोना सङ्क्रमण दर तीव्र रूपमा बढेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार परीक्षण गरिएको नमूनाको १४ प्रतिशतमा सङ्क्रमण पुष्टि भएको छ।

बिहीबार पाँच हजार २५ नमूनाको परीक्षण गर्दा ७१० जनामा सङ्क्रमण पुष्टि भएको छ। जुन १४ प्रतिशत बढी हो। आज दुई हजार ५४१ नमूनाको पिसीआर विधिबाट परीक्षण गर्दा ५२४ र दुई हजार ४८४ नमूनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा १६८ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।



बिहीबार २१५ सङ्क्रमणमुक्त भएका छन्। दुई जनाको मृत्यु भएको छ। सक्रिय सङ्क्रमितको संख्या चार हजार २३६ पुगेको छ। बिहीबार ५९ हजार ४७१ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्।

## एकसाथ...

परेको थियो। महामारीबाट मुलुक सामान्य अवस्थामा फर्कदै गर्दा फेरि संक्रमण बढेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बिहीबार एकैदिन ७१० जनामा संक्रमण पुष्टि भएको छ भने दुई जनाको मृत्युभएको छ। परीक्षण भएको मध्ये १४ प्रतिशतमा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ। बिहीबार ५ हजार २५ जनाको कोरोना रिपोर्ट आएको थियो।

दुई हजार ५४१ जनाको पीसीआर परीक्षण गर्दा ५२४ र दुई हजार ४८४ जनाको एन्टिजोन परीक्षणमा १६८ जनामा संक्रमण पुष्टि भएको हो। बिहीबार सहित सक्रिय संक्रमितको संख्या चार हजार २३६ पुगेको छ।

राजधानीबासीले खेपिरहेको समस्या यतिमै सकिदैन। इन्धन, खाद्यन्न लगायतको मूल्य बृद्धिले नागरिक आहात बनेका छन्। इन्धनको मूल्य डेढ वर्षभित्रै झण्डै दोब्बरले बढेको छ। विश्वव्यापी रुपमा देखिएको आर्थिक संकटका कारण इन्धन, खाद्यन्न लगायतको मूल्यबृद्धि भएको सरकारले जनाएको छ। तर, यी सबै समस्याको बोझ भने राजधानीबासीले एकसाथ खेप्नुपरेको छ।

## अपेक्षा...

सिसडोल भरिनुका साथै उक्त स्थानसम्म जाने सडकमा स्थानीय बासिन्दाले समयसमयमा अवरोध गर्दा नियमित रुपमा फोहोर उठ्न सकेको छैन।

उपत्यकाबाट एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको थियो। यसमध्ये सबैभन्दा बढी काठमडौं महानगरपालिकामा ५०० मेट्रिक टन फोहर निस्कने गर्दछ। उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहोर मध्ये करिब ७५ प्रतिशत उक्त स्थानमा व्यवस्थापन गरिँदै आएको छ।

### ६५ करोडको उद्योग खोल्ने तयारी

उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न काठमाडौं महानगरपालिकाले आधुनिक उद्योग खोल्ने तयारी सुरु गरेको छ। आर्थिक वर्ष २०७९/८० को बजेट अनुसार महानगरले ६५ करोडको लगानीमा आधुनिक उद्योग खोल्ने भएको हो। जसमा फोहोरलाई मल बनाउनका २५ करोड खर्च गर्ने भएको छ। फोहोरमैला व्यवस्थापनका लागि मात्रै महानगरले चालु आर्थिक वर्षमा ५० लाख रुपैयाँ खर्च गर्ने भएको छ।

महानगरले आन्तरिक स्रोतबाट खर्च गर्ने गरी डोजर, लोडर र गाडी भाडाका लागि बजेट विनियोजन गरेको हो। बञ्चरेडाँडामा फोहोर बोकेको गाडी धुनका लागि वासिङ सेन्टर निर्माण गर्न महानगरले १ करोड बजेट विनियोजन गरेको छ। वर्षेनि फोहोरको व्यवस्थापनका लागि केन्द्र सरकारदेखि महानगरले समेत बजेट विनियोजन गरेको बताएपनि फोहोरको व्यवस्थापन हुन नसक्दा नागरिकले सास्ती खेप्दै आइरहेका छन्।

## संघमा...

तत्कालीन अवस्थामा एशोसिएसनले अध्यक्ष, दुई पदाधिकारी र पाँच सदस्य, एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रथम उपाध्यक्षसहित तीन सदस्य, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्चले द्वितीय उपाध्यक्ष र दुई सदस्य, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले महासचिव र तीन सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र एक सदस्यमा उम्मेदवारी दिने र निर्विरोध निर्वाचित गर्ने सहमति भएको थियो।

त्यतिखेर एशोसिएसनबाट अध्यक्षमा भुवन सिं गुरुङ, सचिवमा एशोसिएसनका पूर्व अध्यक्ष प्रज्ञान न्यौपाने र कोषाध्यक्षमा एशोसिएसनका निवर्तमान अध्यक्ष नरेन्द्रप्रसाद ढकाल लगायतको नाम सिफारिस भएको थियो। संघले सहमति गर्ने प्रयास गरेपनि अध्यक्ष पदमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका पूर्व अध्यक्ष रामप्रसाद भान्तनाले उम्मेदवारी दिएपछि सहमतिको प्रयास गर्दागर्दै कोरोना भाइरसको नयाँ भेरियन्ट बढेका कारण सरकारले काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी गरेपछि संघको निर्वाचन रोकिएको थियो।

त्यसपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले तत्कालीन कार्यसमितिलाई साधारणसभा र निर्वाचन गराउन असफल भएको भन्दै उक्त जिम्मेवारी पूरा गर्न संघका पूर्व अध्यक्ष बिमल ढकालको संयोजकत्वमा नौ सदस्यीय तदर्थ कार्यसमिति गठन गरेको थियो। संयोजक ढकालले कार्यसमितिमा पूर्व अध्यक्षसहित ६ जना व्यवसायी मनोनयन गरेपनि दुई सिट खाली छ।

एशोसिएसनले गरेको ताजा निर्णयले संघको आगामी साधारणसभाको माहोल बन्ने कतिपयको विश्लेषण छ। व्यवसायीको टाउको दुखाईको विषय संख्या सयको समस्या पनि समाधान भएका कारणले संघमा निर्वाचन हुनुपर्ने कतिपय व्यवसायीले माग गर्न थालेका छन्।

संघका पूर्व द्वितीय उपाध्यक्ष रहेका गुरूङको नेतृत्वमा संघमा उम्मेदवारी दिने निर्णय खारेज गर्ने एशोसिएसनको निर्णयले एशोसिएसनका तर्फबाट अन्य आकांक्षीहरूका लागि ढोका खुला गरिएको अर्थमा व्याख्या गरिएको छ।

संघको विधान परिवर्तन नभएमा एशोसिएसनका तर्फबाट गुरूङसहित निवर्तमान द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजित कुमार श्रेष्ठ, एशोसिएसनका अध्यक्ष खनाल संघको अध्यक्षका दावेदारका रूपमा मैदानमा आउन सक्ने स्रोतले बतायो। गुरूङको नेतृत्वमा संघमा जाने निर्णय सात महिनापछि खारेज हुनुले अन्य व्यवसायीको नेतृत्वमा संघमा प्रतिस्पर्धा गर्ने एशोसिएसनको तयारी भएको हुन सक्ने कतिपयको विश्लेषण छ।

## विदेशमा...

बराबरको शेयर आरक्षण गर्ने नीति तय गरेको छ। त्यसका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा संशोधन गर्ने भएको छ।

बोर्डको चालु आवको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै अध्यक्ष रमेश हमालले विप्रेषण पठाउने श्रमिकको हितका लागि यस्तो नीतिको प्रबन्ध गरिएको जानकारी दिए। धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुल्ला गर्न धितोपत्रसम्बन्धी कानुनमा आवश्यक संशोधन तथा परिमार्जन गरिने भएको छ।

बोर्डलाई थप जवाफदेहितासहितको अधिकार सम्पन्न नियमन निकाय बनाउनका लागि धितोपत्र तथा वस्तु विनिमय बोर्डसम्बन्धी विधेयक तथा धितोपत्र व्यवसायीको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन धितोपत्र विनियमसम्बन्धी विधेयकको मस्यौदा कार्य अगाडि बढाइने अध्यक्ष हमालले जानकारी दिए।

साथै धितोपत्र व्यवसायीको लागि संस्थागत सुधारसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिने भएको छ। बजारमा हुने सूचना तथा विवरण प्रवाहको सहज एवं सदृढ व्यवस्था गर्न विवरण प्रवाह तथा प्राप्ति प्रणाली विकास गरिएकामा त्यसलाई थप प्रभावकारी बनाउने बोर्डको योजना छ। धितोपत्र बजारमा राफसाफमा आउन सक्ने समस्या समाधानका लागि आवश्यक अक्सन मार्केटको विकास तथा सञ्चालनसम्बन्धी अध्ययन गर्ने बोर्डको योजना छ।

बोर्ड कर्मचारीको सेवा सर्त नियमावलीलाई समयानुकूल बनाउनुका साथै बोर्ड पदाधिकारीलाई आचारसंहिताले बाँध्नका लागि थप पुनरावलोकन एवं समसामयिक बनाउने लक्ष्य राखिएको छ। बोर्डले समग्ररुपमा वर्षभरि कार्यक्रमको ढाँचा तथा रुपरेखा सार्वजनिक गरेको छ।

यसबाट नेपालको समग्र शेयर बजारको विकास र विस्तारमा सहयोग पुग्ने विश्वास लिइएको छ। शेयर बजारमा साना लगानीकर्ताको हितको सम्वर्द्धन गर्ने र ठूला लगानीकर्ताको अनावश्यक चलखेल नियन्त्रणका लागि समेत प्रभावकारी नीति तथा कार्यक्रमको प्रबन्ध गरिएको अध्यक्ष हमालले जानकारी दिए। बजारको विस्तारका लागि आवश्यक सबै उपायको अवलम्बन गर्ने लक्ष्य बोर्डले लिएको छ।

## डोनाल्डले...

उच्च तहका डोनाल्डले प्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्री डा नारायण खड्कासँग भेट्नेछन्।

तर यो भ्रमणलाई दुई देशबीचको सम्बन्ध सुधारमा मात्रै सीमित नहुने आँकलनका साथ चासो दिइएको छ। त्यस्तो आशंका हुनुमा भने डोनाल्डले खेलेको भूमिका र नेपाली राजनीतिमा देखिएको परिवर्तन हो। गएको मंसिरमा डोनाल्डले नेपाल भ्रमणमा मात्रै गरेनन्, गएको २२ माघमा नेपालका राजनीतिक दलका प्रमुखहरुसँग टेलिफोन सम्वाद गरेका थिए।

प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग डोनाल्डले टेलिफोन वार्ता गरेका थिए। उनले अमेरिकी परियोजना एमसीसीबारे छलफल गरेका थिए। एमसीसी अनुमोदनमा दबाव दिइएको रुपमा नेपालमा टिप्पणी भयो। नभन्दै, गएको फागुन १५ गते एमसीसी प्रतिनिधिसभाबाट अनुमोदन भएको छ।

एमसीसी बितेको तीन वर्षदेखि नेपालमा विवादित बन्दै आएको थियो। एमसीसीविरुद्ध सडक प्रदर्शन भएको थियो। तर प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भयो। अहिले फेरि अर्को परियोजना विवादित छ। एसपीपी सम्झौता अगाडि बढाउने पक्षमा अमेरिका छ। नेपालको उच्च पहाडी क्षेत्रमा अमेरिकी सेना रहनेगरी एसपीपी सम्झौता अगाडि बढाइएको थियो। तर सरकारले भने एसपीपी अगाडि नबढाउने निर्णय गरिसकेको छ।

एसपीपीमा सहभागी नहुने निर्णय गरेपनि अमेरिकालाई पत्राचार भने गरिएको छैन। त्यसैले पनि अमेरिकी सहायक विदेश मन्त्री डोनाल्डको नेपाल भ्रमणलाई चासोका साथ हेरिएको हो। अझ अमेरिका र चीन बीचको बढ्दो तनावका कारण पनि उनको यो भ्रमणलाई चासोका साथ हेरिएको हो।

केही दिन अगाडि मात्रै चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुखले नेपाल भ्रमण गरेका थिए। सीपीसीको उच्च तहका ती नेताले प्रधानमन्त्री देउवा, एमालेका अध्यक्ष ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग लामो सम्वाद गरेका थिए। त्यो भेटमा चिनियाँ परियोजना बीआरआईबारे समेत छलफल भएको थियो। त्यही पृष्ठभूमिमा भएको डोनाल्ड लूको नेपाल भ्रमणले राजनीतिक वृत्त तरंगित देखिएको छ।

# गण्डकी सरकारले घटायो सवारी करको जरिवाना



**कास्की/मस–** गण्डकी प्रदेश सरकारले सवारी करको जरिवाना शुल्क घटाएको छ।

चालु आर्थिक वर्षदेखि सवारी करको जरिवानामा वृद्धि गरेर एक आर्थिक वर्ष नाघ्दा २०० प्रतिशतसम्म जरिवाना लिन थालेपछि सरकारको सर्वत्र आलोचना भएको थियो।

मुख्यमन्त्री निवासमा बुधबार साँझ बसेको आकस्मिक मन्त्रिपरिषद्को बैठकले प्रदेश सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन २०७६ को व्याख्या गर्दै बाधा अड्काउ फुकाउने सुविधाको प्रयोग गरेर जरिवानाको दर घटाएको हो। गण्डकीमा आर्थिक ऐनमार्फत यसअघिका वर्षमा कर र जरिवाना लाग्दै आएकामा सरकारले चालु वर्षदेखि सवारी तथा यातायात व्यवस्था ऐनमार्फत जरिवाना लिन सुरु गरेको थियो।

चालु वर्षको सुरुवातदेखि सवारी करमा एक आर्थिक वर्ष नाघ्दा २०० प्रतिशतसम्म जरिवाना लिइएकामा अब घटाएर २० प्रतिशतमा झारिएको सरकारका प्रवक्तासमेत रहेका भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्काले बताए।

उनका अनुसार अबदेखि पहिलो आर्थिक वर्ष नाघेमा २०, दोस्रोमा ४०, तेस्रोमा ६०, चौथोमा ८० प्रतिशत र पाँचौं वर्ष नाघेमा मात्र दोब्बर जरिवाना लिइने छ।

मन्त्रिपरिषद्को निर्णय प्रदेश राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा जानेछ। मन्त्री खड्काले भने, 'विगतमा आर्थिक ऐनअनुसार जरिवाना कार्यान्वयन हुँदै आएको थियो। एक आर्थिक वर्ष नाघेपछि ३२ प्रतिशत जरिवाना लगाउने व्यवस्था थियो तर यस वर्षको आर्थिक ऐन जरिवानाका बारेमा मौन रहेपछि सवारी ऐनअनुसार जरिवाना लगाउँदा सेवाग्राहीलाई मर्का परेको अनुभुति भएपछि मन्त्रिपरिषद्को आकिस्मक बैठकले त्यसलाई घटाएर पहिलाभन्दा पनि सस्तो बनाएका छौं।'

सवारी ऐनमा बाधा अड्काउ फुकाउको व्यवस्था प्रदेश सरकारलाई दिएअनुसार मुख्य न्यायाधीवक्ता, यातायायात मन्त्रालयका सचिवसहितको उच्चस्तरीय समितिको बैठकले अर्थमन्त्रालय र कानुन मन्त्रालयको समेत राय लिएर शुल्क घटाउने निर्णय गरिएको मन्त्री खड्काले बताए।

उनले भने, 'जनतालाई जुन कुराले सहज हुन्छ सोही बाटोबाट जानुपर्दछ भनेर ऐनको व्याखा गरेका छौं। यसलाई राजपत्रमा प्रकाशित गरेर यातायात व्यवस्था कार्यालयलाई पत्राचार गर्नेछौं। जसरी कर सेवाग्राही पिडादायी र आतङ्कित भएर पीडा व्यक्त गर्नभएको थियो यसलाई सरकारले समाधान गरेको छ।'

अघिल्लो वर्ष प्रदेशको आर्थिक ऐनमा सवारी करको जरिवाना सम्बन्धमा म्याद सकिएको पहिलो महिनामा पाँच प्रतिशत, दोस्रो महिनामा १० प्रतिशत, तेस्रो महिनामा २० प्रतिशत, आर्थिक वर्षको अन्त्यसम्ममा २० प्रतिशत र एक आर्थिक वर्ष कटेपछि ३२ प्रतिशत जरिवाना गर्ने व्यवस्था थियो तर चालु आवको आर्थिक ऐनमा जरिवानासम्बन्धी कुनै व्यवस्था गरिएको थिएन। आर्थिक ऐनमा व्यवस्था नभएपछि यातायात व्यवस्था कार्यालय कास्कीले एक आव कट्नै बित्तिकै २०० प्रतिशत जरिवाना लिन थालेको थियो।

सेवाग्राहीको चर्को आलोचनापछि यातायात व्यवस्था कार्यालयले आव २०७८/७९ र सोभन्दा अघिल्ला आवका तिर्नंपर्ने बक्यौता कर तथा जरिवाना संकलन अर्को सूचना नभएसम्मका लागि स्थगन गरेको छ।

# सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिवद्ध : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री शेर बहादुर देउवाले नेपाली नागरिकलाई सर्वसुलभ ढंगले स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिवद्ध रहेको बताएका छन् ।

वीर अस्पतालको १ सय ३३ औं वाषिकोत्सवलाई सम्बोधन गर्दै उनले स्वास्थ्य क्षेत्रको विकासका लागि पर्याप्त रुपमा बजेट छुट्याएर आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने आश्वासन दिएका हुन् ।

भक्तपुरको दुवाकोटमा स्थापना गर्ने भनिएको वीर अस्पताल हालसम्म निर्माण हुन नसकेकोप्रति ध्यानाकर्षण भएको भन्दै प्रधानमन्त्री देउवाले प्राथकितामा साथ अघि बढाउन पनि निर्देशन दिए ।

प्रधानमन्त्री देउवाले गुणस्तरीय सेवा प्रदान गर्दै आम जनताको विश्वास जितेको वीर अस्पताललाई आगामी दिनमा थप गुणस्तरिय बनाउदै लैजानुपर्नेमा जोड दिए । प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले क्यान्सरजस्ता घातक रोगका लागि सहज ढंगले उपचार गराउन सरकारले बजेटको व्यवस्था गरेपनि त्यसको सदूपयोग गर्न नसकेको भन्दै वीर अस्पताल व्यवस्थापनको आलोचना गरे ।

वीर अस्पतालका कार्यबहाक प्रमुख प्रशासकीय अधिकृत डा. भुपेन्द्रकुमार बस्नेतले विरामीहरुको चापलाई धान्न सक्ने गरी अस्पतालमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिदिन सरकारसँग माग गरे ।

कार्यबहाक प्रमुख प्रशासकीय अधिकृत बस्नेतले अस्पतालले विरामीहरुले स्वास्थ्य उपचारका सकेको योगदान गर्दै आएको पनि बताए । कार्यक्रममा कर्मचारी लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

**८१ हजारले लिए निःशुल्क सेवा**

आर्थिक वर्ष २०७८/७९ मा ८१ हजारभन्दा बढी बिरामीले वीर अस्पतालमा निःशुल्क सेवा लिएका छन् । वार्षिकोत्सवको अवसरमा अस्पतालका निमित्त प्रमुख प्रशासकीय अधिकारी प्रा.डा भुपेन्द्र कुमार बस्नेतले गत वर्ष ८१ हजार २०५ जना बिरामीले निःशुल्क सेवा लिएको बताए ।

अस्पतालमा एक वर्षको अवधिमा ओपिडी तर्फ ३ लाख ७९ हजार ९८७, इमरजेन्सीमा ३७ हजार ४९८ जनाले सेवा लिएका छन्। गत वर्ष ३ हजार ३३३ मेजर सहित ९ हजार १३३ शल्यक्रिया गरेको अस्पतालले जनाएको छ । प्याथोलोजी ल्याब तर्फ २ लाख ६४ हजार १६६ र रेडियोलोजीमा ४५ हजार ४५१ जनाले सेवा लिएका छन् ।

वीर अस्पतालमा हालसम्म ८६ हजार २७९ जनाले कोभिडको पीसीआर परीक्षण गराएका छन् । जसमध्ये १४ हजार ४५८ जनाको पोजेटिभ आउँदा ५८६ जनाको मृत्यु भएको छ । हालसम्म ३ हजार ५७२ जनाको उपचार गरेको छ ।

१५ शय्याबाट सुरु भई ४६० शय्यामा सेवा दिइरहेको वीर अस्पतालले नयाँ सर्जिकल भवनबाट थप सेवा सुरु गरेसँगै शय्या क्षमता ९६० पुगेको छ । वीर अस्पतालमा सरकार तर्फ ६८७, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान तर्फ ५४६ जना गरी १ हजार २३३ जना कर्मचारीहरुको दरबन्दी भएपनि सरकारी तर्फ ४८२, प्रतिष्ठानबाट ५४०, सरसफाई कर्मचारी १८०, सुरक्षा गार्ड ४०, काजमा ६६, कोभिड १९ को नियन्त्रणका लागि २७५ र छात्रवृत्ति करारमा २२ जना गरी कुल १ हजार ६०५ जना कर्मचारीहरु कार्यरत छन् ।

सर्जिकल भवनको स्वीकृत ८३१ दरबन्दीमध्ये केही मात्र पुरा भएको डा.बस्नेतले जानकारी दिए । बिरामीको बढ्दो चाप तथा विस्तारित सेवा अनुसार थप दक्ष जनशक्तिको आवश्यकता भएको उनले बताए ।

# निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरुको सहभागिता बढाउन आग्रह



**काठमाडौं/मस-** सभामुख अग्नीप्रसाद सापकोटाले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरुको सहभागिता बढाउन सबै राजनीतिक दलहरुलाई आग्रह गरेका छन् ।

बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले शासन व्यवस्था र लोकतन्त्रलाई बलियो बनाउन तथा मुलुकको बहुआयामिक विकासका लागि निर्वाचनमा महिलाहरुको बढीभन्दा बढी सहभागिता गराउनुपर्ने बताएका हुन् ।

सभामुख सापकोटाले आगामी निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरुको सहभागिता बढाउन महिला सांसदले पनि आ-आफ्नो दलमा सामूहिक पहलकदमी लिनुपर्ने आवश्यकता औंल्याए ।

मतदातामा दलगत मतदान गर्ने अरुचि देखा परेको उल्लेख गर्दै सभामुख सापकोटाले त्यसलाई हटाउन पनि महिलाहरुको अधिक प्रतिनिधित्व गराउने कुरामा जोड दिनुपर्ने बताए ।

उपसभामुख पुष्पा भुसालले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरुको सहभागिता अधिक गराउन राजनीतिक दलहरुको ध्यानाकर्षण गराइन् ।

पूर्वसभामुख ओनसरी घर्तीले भोलीको पुस्तालाई राजनीतिमा आकर्षित गराउनका लागि पनि अहिलेनै राजनीतिक दलहरुले महिलाहरुलाई प्रत्यक्षतर्फको निर्वाचनमा बढीभन्दा बढी सहभागिता गराउन लाग्नुपर्ने खाँचो औंल्याइन् । पूर्वसभामुख घर्तीले विशेषाधिकारको उपयोग गरेर महिलाहरुले आफूलाई कमजोर सावित गर्न नहुनेमा पनि जोड दिइन् ।

महिला सहभागिता वृद्धि गर्न विभिन्न मुलुकका अभ्यासबारे राधिका रेग्मीले प्रस्तुतीकरण गरेको उक्त कार्यक्रममा नेता चित्रलेखा यादव, वृन्दा पाण्डे, डिला सङ्ग्रौला, प्रेम सुवाल, प्रमोद यादवलगायतले उनीहरुको प्रतिनिधित्व वृद्धि गर्न समयसापेक्ष संविधानमा सुधारको माग गरे ।

# ठमेलबाट चिनियाँसहित ४ जना पक्राउ



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-२६ ठमेलबाट विद्युतीय ठगी तथा अनलाईन जुवामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चिनियाँ नागरिक ४८ वर्षीय सु सुजि समेत ४ जना रहेका छन् । उनीहरुलाई बुधबार प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी वृत्त लैनचौर र जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले खानतलासी गर्दा विद्युतीय ठगी तथा अनलाइन जुवा खेलाउन प्रयोग भएका ४ सय ७२ थान मोबाइलसहित उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट २६ थान ल्यापटप, १ हजार ६२० थान एनसेलको सिमकार्ड, २० थान स्मार्टको सिमकार्ड, १० थान पेनड्राईभ र १ लाख ९० हजार रूपैयाँ मूल्य बराबरको एनसेलको रिचार्ज कार्ड पनि बरामद गरिएको प्रहरीले जनाएको छ । घटनाका सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको छ ।

# एक हजार छ सय १० ग्राम सुनसहित पक्राउ



**काठमाडौं/मस-** त्रिभुनव अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले एक हजार छ सय १० ग्राम सुनसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौं आएका भारतीय नागरिक युसुफ हारोनको गतिविधि शङ्कास्पद देखिएपछि नियन्त्रणमा लिइ जाँच गर्दा सो सुन बरामद गरिएको हो । उनले लगाएको भित्री बस्त्रमा प्लाष्टिकभित्र सुनको पोका दुई थान (तौल १६१० ग्राम अवैधरुपमा भन्सार छली गरी लैजान लागेका अवस्थामा फेला पारिएको विमानस्थल सुरक्षा कार्यालयले बिहीबार एक सूचना जारी गरी जनाएको छ । आवश्यक अनुसन्धान एवं कारवाहीका लागि उनलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरमा बुझाइएको प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र घर्तीले जानकारी दिए ।

# पहिरोमा पुरिएर मृत्यु भएका परिवारलाई राहत दिन ध्यानाकर्षण




**सुदूरपश्चिम/मस-** सुदूरपश्चिम प्रदेशसभाका सदस्यले अछाम जिल्ला तुर्माखात गाउँपालिका-२ मा पहिरोमा पुरिएर मृत्यु भएका परिवारका सदस्यको उचित बसोबास र राहतको व्यवस्था गर्न ध्यानाकर्षण गराएका छन् ।

बिहीबार बसेको प्रदेशसभाको बैठकको प्रारम्भमा सभामुखबाट समय लिएर प्रदेशसभाका सदस्य अम्बिकाकुमारी थापा, हर्कबहादुर कुँवर र अक्कलबहादुर रावलले अछामको तुर्माखात गाउँपालिका-२ मा यही साउन ८ गते राति गएको पहिरामा घर पुरिएर मृत्यु भएका एकै घर परिवारका हरिकला विष्ट, वीरेन्द्र विष्ट र विधान विष्टको परिवारलाई उचित बसोबास र राहत प्याकेज ल्याउन ध्यानाकर्षण गराए ।

उक्त घटनामा परी घाइते भएकी नैनादेवी विष्टको उपचारमा सहयोग गर्नसमेत उनीहरुले माग गरे । बैठकमा प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि भएको छलफलमा भाग लिने अधिकांश सदस्यले संशोधनको विपक्षमा धारणा राखे ।

सदस्य भरतबहादुर खड्काले विधेयक संशोधन हुँदा सरकार र सदन आलोचित हुने भई यसको सन्देश पनि नकारात्मक जाने र आर्थिक व्ययभार बढाउने भन्दै विधेयक फिर्ता लिनुपर्ने माग गरे ।

अर्का सदस्य मालामति रानाथारुले प्रदेशसभाको कार्यकाल सकिन लाग्दा सेवा सुविधा थप्ने मनसायले ल्याइएको विधेयक उचित नभएको भन्दै फिर्ता लिनुपर्ने बताए । अर्का सदस्य कृष्णबहादुर चौधरीले ऐन संशोधन केका लागि, कसका लागि, किन गर्दैछौं भन्दै केही माननीयलाई खुसी पार्न ल्याइएको यो विधेयक पारित भएमा त्यसको सन्देश नराम्रो जाने भएकाले विधेयक फिर्ता गर्न माग गरे । सदस्य सुशीला बुढाथोकीले भने ऐन संशोधन गर्ने काम समयसापेक्ष भएको बताए ।

यसअघि आन्तरिक मामिला तथा कानूनमन्त्री डा.रणबहादुर रावलले उक्त विधेयकमाथि छलफल गरियोस् भनी पेश गर्नुभएको प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको थियो । छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री रावलले ऐन बनाउँदा विगतमा कमीकमजोरी भएकाले सही ढङ्गले नियमन गर्न ऐन संशोधनको विधेयक ल्याउनुपरेको बताए ।

बैठकमा प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न र विवाद समाधान गर्न बनेको विधेयक पारित भएको छ। यसअघि बैठकमा विधायन तथा प्रदेश मामिला समितिमा दफाबार छलफल भई तयार पारिएको प्रतिवेदनसहितको प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न र विवाद समाधान गर्न बनेको विधेयक छलफल गरिएको थियो ।

# डा.भट्टराई पक्षबाट नेपाल समाजवादी पार्टी दर्ता



**काठमाडौं/मस-** जनता समाजवादी पार्टी (जसपा) नेपालबाट अलग्गिएको डा. बाबुराम भट्टराई पक्षले निर्वाचन आयोगमा नयाँ दल दर्ता गराएको छ । सो समूहले बिहीबार निर्वाचन आयोगमा नेपाल समाजवादी पार्टी दर्ता गराएको हो ।

आयोगमा यसअघि दर्ता भएको समावेशी लोकतान्त्रिक पार्टीको नाम परिवर्तन गरी नेपाल समाजवादी पार्टी दर्ता गरिएको डा.भट्टराई निकट नेता रमेश पोखरेलले जानकारी दिए ।

उनले भने, 'यसअघि आयोगमा दर्ता रहेको समावेशी लोकतान्त्रिक पार्टीको विधान संशोधन गरेर नेपाल समाजवादी पार्टी बनाइएको छ। सो पार्टीले आज वैधानिकता पाएको छ।' सो पार्टीको निर्वाचन चिह्न आँखा रहेको छ। पार्टीको पहिलो बैठकबाट पदाधिकारी टुङ्ग्याउने उनले बताए ।

# कष्टकर जीवन बिताउन बाध्य पहिरोपीडित



**गोदावरी/मस-** कैलालीको चुरे गाउँपालिकाका पहिरो प्रभावित ३५० बढी परिवार पुनःस्थापना नहुँदा कष्टकर जीवन बिताउन बाध्य भएका छन् ।

उनीहरु दुई वर्षदेखि चुरे-४ स्थित राष्ट्रिय वनमा अस्थायी टहरो बनाएर त्रिपालमुनि बस्दै आएका छन् । गत र अघिल्लो वर्षको साउनमा आएको पहिराले ती परिवार विस्थापित बन्न पुगेका थिए । गत कात्तिकको बेमौसमी वर्षाका कारण पहिरो खसेपछि उनीहरुको विचल्ली भएको हो ।

चुरे-४ मा पर्ने पनेरुगडा र टागगडाको राष्ट्रिय वनमा बसिरहेका ती परिवार हिउँद र वर्षायाममा कष्टकर जीवन बिताउँदै छन्। ती परिवारको व्यवस्थापनका लागि चुरेका जनप्रतिनिधिले प्रदेश सरकारलाई पटक-पटक ज्ञापनपत्र बुझाएर ध्यानाकर्षण गराए पनि ध्यान जान नसकेको जनाइएको छ।

विस्थापित परिवारलाई सुरक्षित स्थानमा पुनःस्थापना गर्न सङ्घ र प्रदेश सरकारलाई आग्रह गरिएको गाउँपालिकाका अध्यक्ष चक्रबहादुर बोगटीले जानकारी दिए ।

पहिराले जग्गाजमिन नै तहसनहस पारिसकेकाले पहिलेको ठाउँमा फर्कन सक्ने अवस्था नरहेको उनको भनाइ छ ।

चुरे गाउँपालिकाका पूर्व अध्यक्ष धनबहादुर रोकामगरले पहिरापीडित लाई खानेपानी तथा खाद्यन्न समस्यामा परेको जानकारी दिए । गत वर्ष गाउँपालिकाले त्रिपाल सहयोग गरे पनि अन्य आवश्यक सहयोग गर्न नसकेको उनको भनाइ छ ।

पहिराबाट विस्थापित भएकाहरू पुरानै स्थानमा फर्कन सक्ने सम्भावना छैन । उनीहरु बस्दै आएको पुरानो बस्ती पहिराले तहसनहस पारिसकेको छ। कतिपय गाउँको जमिन नै भासिएको छ। विस्थापित परिवार धेरै रहेकाले उनीहरूको व्यवस्थापन गर्न सक्ने अवस्था छैन । वडा नं १, २, ४, ५ र ६ का पहिराबाट विस्थापित भएर चुरे-४ मा पर्ने पनेरुगडा र टागगडामा बस्दै आएका छन् । कतिपय परिवार चुरे -५ स्थित भीमदत्त राजमार्ग छेउमा पाल टाँगेर बस्दै आएका छन् । उनीहरु बसेको स्थानमा पहिराले घर पुरेपछि विस्थापित भएर सो राजमार्ग छेउमा बस्न बाध्य भएका हुन् ।


**शैलुङ्ग पावर कम्पनी लिमिटेड**
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३१, काठमाण्डौ, फोन नं. ०१४४४४९४७**
**ईमेलः shailunhgpower2021@gmail.com**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित २०७९/०४/१३**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस शैलुङ्ग पावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९ श्रावण ८ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
**मिति** : २०७९ साल श्रावण २९ गते (तदनुसार सन् १४ अगस्त २०२२) आइतबार ।
**समय** : बिहान ११:०० बजे ।
**सभा हुने स्थान** : कम्पनीको रजिष्टर कार्यालय, का.म.न.पा. वडा नं. ३१, काठमाण्डौ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**
**(क) विशेष प्रस्ताव :**
१. कम्पनीको हाल कायम पुँजी संरचना (जारी पुँजी तथा चुक्ता पुँजी) संशोधन गर्ने र सोको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको नियमावलीको नियम २८ (२) मा संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन/थप गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
**(ख) विविध ।**

**संचालक समितिको आज्ञाले**
**यादव न्यौपाने**
**(कम्पनी सचिव)**



**VACANCY ANNOUNCEMENT**

**Miracle Employment Service Pvt. Ltd**, a Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions.

**International Client Coordinator - 1 (Male/ Female)**
**Business Development officer - 1 (Male/ Female)**

- Minimum 2 Years Experienced In Overseas Recruitment Agency.
- Minimum Academic Qualification – Bachelor Degrees.
- Must Have Good Knowledge In Computer And English Language.

**Send your CVs Email:info@miraclenepal.com or WhatsApp – 9841129358**

**Note – Only shortlisted candidates will be call for final interview.**

**Miracle Employment Service (P.) Ltd**
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 4415239
Website: www.miraclenepal.com



**SAUDI मा रोजगार | कम्पनी : FADEL ALI YASIN FOUNDATION FOR CONTRACTING**
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/१६ चलानी नं.: ६०१७३७०२ LT. No.: 257176 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६१,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ साउन २०७९, शुक्रबार
29 July 2022, Friday

## सम्पादकीय

# दायित्व अभावको परिणाम

राजधानी उपत्यकामा फेरि फोहोर व्यवस्थापन समस्या बल्झिएको छ । लामो समय उठ्न नसकेको फोहोर शहरी विकास मन्त्रालय, बञ्चरे डाडाँका स्थानीय र काठमाडौं महानगरको सहमति उठाइन थालेको थियो । सहमति अनुसार १ साउनदेखि कुहिने र नकुहिने फोहोर छुट्याएर लैजानुपर्ने थियो । तर सहमति बमोजिम फोहोर व्यवस्थापन हुन नसकेको भन्दै फोहोर संकलनमा फेरि समस्या देखिएको छ । अहिले राजधानी उपत्यकामा अनेक समस्या एकैपटक देखिएको छ । फोहोर नउठ्नु, लगातार वर्षाका कारण पर्यावरणीय समस्या देखिनु, कोरोना महामारीको संक्रमण फेरि देखिनु, महँगी बढ्नु लगायत समस्या एकसाथ देखिएको छ । महँगी, लगातारको वर्षा र कोरोनाको समस्याबाट नागरिकको जीऊज्यानको रक्षा गर्न सरकारको प्रमुख दायित्व हो । त्यो दायित्वबाट सरकार भाग्न मिल्दैन, सक्दैन ।

तर अहिले भने फोहोर व्यवस्थापनको प्रशंगबारे छलफल गरौं । लगातार वर्षा हुनु, तर फोहोर नउठ्नुले राजधानी उपत्यका एक हिसाबले दुर्गन्धित बन्न पुगेको छ । यसले अनेक स्वास्थ्य समस्या आउने नै भयो । यसको समाधानमा महानगर, प्रदेश सरकार र संघीय सरकार लाग्नुपर्नेछ । लागिरहेको सम्बन्धित अधिकारीहरूको दावी छ । तर परिणाम भने देखिएको छैन । अझ बढ्ने संकेत देखिएको छ । किनभने बञ्चरे डाडाँमा भदौदेखि फोहोर व्यवस्थापन पूर्ण रूपले रोक्ने स्थानीयले चेतावनी दिएका छन् । भएको सहमति कार्यान्वयन नगर्ने, बरू त्यहाँका स्थानीयलाई बेवास्ता गर्दै अन्य विकल्प खोज्ने प्रयत्न भएको भन्दै फोहोर व्यवस्थापन पूर्ण रूपले रोक्ने चेतावनी दिएका छन् । स्थानीयको चेतावनी बमोजिम फोहोर व्यवस्थापनमा पूर्ण प्रतिबन्ध लगाइएमा फेरि समस्या झनै बढ्ने प्रष्ट छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rose Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4116690, 4116669
Email : rosehumanresources12@gmail.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी: MARINE SERVICES COMPANY LTD. शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९१५ LT. No.: 267971

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 1 | 0 | स. काममा दक्ष | 2700 | ९१,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो स७ग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस७ग राख्नुहोला । ६. काममा विदेश जा७दा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

**कतारमा रोजगार** | १. कम्पनी: GAS EQUIPMENT & SERVICES CO QATAR LTD शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०७/०४ चलानी नं.: ६०१६५७८३ L.T. No.: 247960 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electronic Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 10 | 0 | | 1100 | ३८,३०२ | | | | | | | |

**साउदीमा रोजगार** | कम्पनी: ALNAFIE METAL INDUSTRIES CO. LTD शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५४५ L.T. No.: 248646 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अक्टोपस ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. १०१४/०६८/०६९
राजाजनक मार्ग–३२, तिनकुने, काठमाडौं, नेपाल, फोन : ४११२१४२, ४११२१४५
E-mail: octopusoverseas1@gmail.com, Web.: www.octopusoverseasnepal.com

**साउदीमा रोजगार** | कम्पनी : ABDULLAH SAADOUN BIN HAMAD AL-ANAZI FOUNDATION शहर: KSA

पूर्व स्वीकृत मितिः २०७९/०४/११ चलानी नं.: ६०१८३९०८ L.T. No.: 267146

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment Suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile: 9851144845
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

**Romania मा रोजगार** | कम्पनी : SINED NOVACONST SRL शहर : Romania

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९५९६ L.T. No.: 263043 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Waiter | 15 | 3 | सम्बन्धित काममा दक्ष | 550 | ६८,०७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bartender / Barman | 10 | 0 | | 650 | ८०,४५७ | | | | | | | |
| 3. | Cook | 15 | 0 | | 750 | ९२,८३५ | | | | | | | |
| 4. | Cook Helper | 10 | 4 | | 550 | ६८,०७९ | | | | | | | |
| 5. | Dishwasher | 10 | 0 | | 550 | ६८,०७९ | | | | | | | |
| 6. | Kitchen Helper | 15 | 0 | | 550 | ६८,०७९ | | | | | | | |
| 7. | Waiter/Waitress | 15 | 3 | | 600 | ७४,२६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## महिला साफ च्याम्पियनसिप

# उपाधि जित्न कडा परिश्रम

**काठमाडौं/मस-** भदौ तेस्रो साता नेपालमा छैठौं संस्करणको महिला साफ प्रतियोगिताका लागि महिला टोली अभ्यासमा व्यस्त छ। शहीद स्मारक 'ए' डिभिजन लिग क्लब एपीएफका प्रशिक्षक कुमार थापाले नेपाली महिला टोलीलाई प्रशिक्षण दिइरहेका छन्। घरेलु मैदानमा आयोजना हुन लागेको प्रतियोगिता सफलता निकाल्ने लक्ष्यका साथ महिला टोलीले तयारी गरिरहेको छ । महिला फुटबलको संरचना नै कमजोर भएको भन्दै ७ हप्ताको अवसर पर्याप्त भएको प्रशिक्षक थापा बताउँछन् ।



एक साता पछाडि धकेलिएको प्रतियोगिता काठमाडौंमा आयोजना हुनु नै नेपाली टोलीका लागि अवसर भएको प्रशिक्षक थापा बताउँछन्। थापाले साफ च्याम्पियनसिपमा समर्थकलाई निराश हुन नदिने बताए ।

२०१० मा बंगलादेशबाट सुरु महिला साफ च्याम्पियनसिपमा नेपाल चार पटक उपविजेता बनेको छ। प्रत्येक दुई वर्षमा हुने प्रतियोगिताको चौथो संस्करणमा भने नेपालले फाइनल खेल्न सकेन । बाँकी सबै संस्करणमा नेपालले फाइनल खेलेको छ र फाइनलमा नेपालको तगारो भारत बनेको छ ।

यसपटक पुरानो इतिहासलाई तोड्नेमा प्रशिक्षक थापा आशावादी देखिएका छन् । त्यसका लागि घरेलु मैदानको फाइदा नेपाललाई रहेको उनी बताउँछन्। थापा भन्छन्, 'पाँचमध्ये चार पटक हामी उपविजेता भइसकेका छौँ । अहिलेसम्म उपाधि जित्न सकेका छैनौँ । यसपटक त्यो तगारोलाई हामी तोड्छौँ । खेलाडी पनि त्यसमा आशावादी छन् । मनोबल बलियो छ र हामीलाई घरेलु मैदानको पनि फाइदा हुन्छ ।'

थापाले प्रारम्भिक चरणमा ५८ खेलाडी प्रशिक्षणमा बेलाएका छन् । साउन १७ गते टिमलाई ३० खेलाडीमा झारेर बन्द प्रशिक्षण शुरु गर्ने थापाको योजना छ । त्यसपश्चात् प्रतियोगिता सुरु हुन दुई साताअघि अन्तिम टिमको घोषणा गर्ने थापाले बताए ।

यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एसियन गेम्सको तयारीका लागि महिला फुटबल टोलीलाई प्रशिक्षण गराएको थियो । एसियन गेम्सको तयारीका क्रममा राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक बालगोपाल महर्जनले हेरेका थिए । तर, एन्फाले महर्जनलाई निरन्तरता नदिइ पूर्वमिडफिल्डर थापालाई जिम्मेवारी दिएको छ ।

एशियन गेम्सको तयारीका लागि अभ्यास गरेको टोलीसहित केही नयाँ अनुहारलाई समावेश गर्दै अभ्यास गराइएको छ । प्रतियोगिताका लागि ५८ खेलाडी प्रशिक्षणमा छन् । महिला साफको छैठौं संस्करण भदौ २१ देखि असोज ३ गतेसम्म दशरथ रंगशालामा हुँदैछ । प्रतियोगितामा नेपाल, भारत, भुटान, बंगलादेश, माल्दिभ्स, श्रीलंका र पाकिस्तानले प्रतिस्पर्धा गर्दैछन् ।

# सन्दीपले 'द सिक्स्टी' क्रिकेट खेल्ने

**काठमाडौं/मस-** नेपाली क्रिकेट टिमका कप्तान सन्दीप लामिछानेले वेस्ट इन्डिजको 'द सिक्स्टी' क्रिकेट प्रतियोगिता खेल्ने भएका छन् । वेस्ट इन्डिज क्रिकेटले आयोजना गर्ने नयाँ प्रतियोगिताका लागि जमैका तलावाजले सन्दीपलाई टिममा राखेको छ । प्रतियोगिता आगामी अगस्टमा हुनेछ ।




क्रिकेट लोकप्रियसँगै व्यवसायिक बन्दै जाँदा नयाँ-नयाँ फर्म्याटमा खेलाउन थालिएको छ । टेस्ट क्रिकेटपछि एकदिवसीय हुँदै टी-२० फर्म्याटमा प्रतिस्पर्धा हुन थाल्यो । त्यसपछि टी-१० र 'हन्ड्रेड बल' को फर्म्याटमा पनि प्रतिस्पर्धा भयो । पछिल्लो पटक क्रिकेटमा '६० बल' मा प्रतिस्पर्धा हुन थालेको छ ।

वेस्ट इन्डिज क्रिकेट बोर्ड र क्यारेबियन क्रिकेट लिगले केही दिनअघि नयाँ ढाँचाको प्रतियोगिताको घोषणा गरेको छ र यसको नाम 'द सिक्स्टी' राखिएको छ । 'सिक्स्टी' प्रतियोगिता ६० बलको क्रिकेट प्रतियोगिता हो । प्रतियोगितामा विश्वभरका क्रिकेटरले भाग लिने भनिएको छ।

यस फर्म्याटको पहिलो प्रतियोगिता सेन्ट किट्स एन्ड नेभिसमा अगस्ट २४ देखि २८ सम्म खेलाइनेछ । यस फर्म्याटमा ब्याटिङ गर्ने प्रत्येक टोलीले ६ विकेट लिनेछ। छैटौं विकेट झर्नुको अर्थ अलआउट हुनेछ ।

एक इनिङ्समा ६० बल हुनेछ। यस ढाँचामा खेलिने ६० बलमध्ये पहिलो ३० बल एक छेउबाट र बाँकी ३० बल अर्को छेउबाट फालिनेछन्। कुनै पनि बलरले दुई ओभरभन्दा बढी बलिङ गर्न पाउने छैनन्। वेस्ट इन्डिज क्रिकेट बोर्डले यो फर्म्याटले टी-१० क्रिकेटलाई प्रतिस्थापन गर्ने र यो द्रुत गतिको ढाँचा साबित हुने दाबी गरेको छ।

जमैकाले सीपीएलका लागि अनुबन्ध गरेको सन्दीपसहित पाँच विदेशी खेलाडीलाई नै यस प्रतियोगितामा खेलाउने छ । जमैकामा सन्दीपसँगै पाकिस्तानका मोहम्मद अमिर र इमाद वासिम रहेका छन् । अष्ट्रेलियाका क्रिस ग्रीन तथा दक्षिण अफ्रिकाका मिगाली पिटोरियस् रहेका छन् ।

सीपीएल भने अगस्ट ३० बाट सुरु हुनेछ। दशौं संस्करणको प्रतियोगिता सेप्टेम्बर ३० सम्म चल्नेछ। प्रतियोगितामा ६ टोलीले प्रतिस्पर्धा गर्ने छन् । यसमा सीपीएलका नै ६ टोली खेल्ने छन्।

# गौतमबुद्ध क्रिकेट रंगशाला निर्माणका लागि प्राविधिक समिति गठन

**काठमाडौं/रासस-** नेपाल सरकारले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको बाँकी काम सम्पन्न गर्नका लागि प्राविधिक समिति गठन गरेको छ । मन्त्रिपरिषद्को साउन ९ गते सम्पन्न बैठकले सहरी विकास मन्त्रालयका सहसचिवको नेतृत्वमा प्राविधिक समिति गठन गर्ने निर्णय गरेको हो ।



युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीका अनुसार सहरी विकास मन्त्रालयका सहसचिव प्रकृर्ण तुलाधरको संयोजकत्वमा छ सदस्यीय समिति गठन गरेको हो । मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले निर्णय गरेको डा रेग्मीले जानकारी दिए। सघन सहरी विकास तथा भवन निर्माण आयोजनाका सिनियर डिभिजन इञ्जिनीयर प्रकाश अर्याल, आर्थिक प्रशासन प्रमुख र लेखा अधिकृत युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्का इञ्जिनीयर राजु श्रेष्ठ सदस्य रहने गरी प्राविधिक समिति गठन गर्ने निर्णय गरेको छ ।

यस्तै युवा तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत दीपेन्द्र रावल, भरतपुर महानगरपालिकाका लेखा अधिकृत जगन्नाथ अर्याल पनि सदस्य रहने निर्णय भएको उनले जानकारी दिए । समितिले २१ दिनभित्र प्राविधिक प्रतिवेदन तयार गरी पेश गर्ने छ । समितिमा आवश्यकता अनुसार राष्ट्रिय सतर्कता केन्द्रलाई समेत राख्ने गरी समिति गठन गरिएको हो ।

युवा तथा खेलकुद मन्त्रालयले स्वामित्व ग्रहण गर्ने सम्बन्धमा मन्त्रिपरिषद्मा पेस गरेको प्राविधिक समिति गठनको विषयमा मन्त्रिपरिषद्ले निर्णय गरेको हो। यस समितिले रंगशाला निर्माण कार्य के कसरी प्रारम्भ भयो, रंगशाला निर्माणका लागि तयार गरिएको संरचना (स्ट्रकचर), ड्रईङ्ग, डिजाईन र लागत अनुमान अन्तर्राष्ट्रिय मापदण्ड अनुसार छ कि छैन भन्ने विषयमा अध्ययन गर्ने छ ।

यस्तै निर्माणस्थलको जग्गाको स्वामित्वको विषयमा विस्तृत अध्ययन गरी उक्त बाँकी निर्माण कार्य कुन विधिबाट सम्पन्न गर्न उचित हुने भन्ने विषयमासमेत प्राविधिक समितिले दिएको प्रतिवेदनका आधारमा मन्त्रालयले काम अघि बढाउने सचिव रेग्मीले जानकारी दिए ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले मन्त्रिपरिषद्को निर्णय रंगशाला निर्माणका लागि महत्वपूर्ण उपलब्धि भएको बताइन् । उनले भनिन्, 'पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहित जिल्लाका जनप्रतिनिधिको 'डेलिगेसन' पश्चात मन्त्रालय र मन्त्रिपरिषद्को निर्णय स्वागतयोग्य रहेको छ ।' छिट्टै रंगशाला निर्माणको काम अघि बढ्नेमा उनले विश्वास व्यक्त गरिन् ।

रंगशाला निर्माणका लागि धुर्मुस-सुन्तली फाउण्डेसनले काम गर्दै आएकामा कोरोना कहर र आर्थिक अभावको कारण देखाउँदै भरतपुर महानगरलाई स्वामित्व लिन आग्रह गरेको थियो। भरतपुर महानगरपालिकाको विसं २०७८ माघ २७ गतेको स्वामित्व लिन नेपाल सरकारलाई अनुरोध गरेअनुसार अध्ययनका लागि प्राविधिक समिति गठन गरिएको हो ।

# एसिया क्रिकेट कप यूएईमा हुने

**काठमाडौं/एजेन्सी-** एसियन क्रिकेट काउन्सिलले एसीसी एसिया कप क्रिकेट २०२२ युनाइटेड अरब इमिरेट्स (यूएई)मा आयोजना गर्ने जनाएको छ। यो प्रतियोगिता यसअघि श्रीलंकामा हुने तालिका थियो । एसीसीले बुधबार प्रतियोगिता यूएईमा गरिने तर आयोजना अधिकार श्रीलंकासँग नै रहने जनाएको छ ।



श्रीलंकामा पछिल्लो समय देखिएको आर्थिक संकट र नागरिकको आन्दोलनका कारण एसियन कप श्रीलंकाबाट यूएईमा सारिएको एसीसीले जनाएको छ । प्रतियोगिता आउँदो अगस्ट २७ देखि सेप्टेम्बर ११ सम्म हुनेछ ।

'श्रीलंकामा आयोजना गर्नका लागि सबै प्रयास गऱ्यौं । तर, अब प्रतियोगिता यूएईमा हुने भएको छ,' एसीसीका अध्यक्ष जय शाहले भने, 'यूएई आयोजनाको नयाँ स्थान हो । तर, आयोजनाको अधिकार श्रीलंकासँग नै हुनेछ । आईसीसी विश्वकप तयारीका हिसाबले पनि एसियन राष्ट्रलाई यस संस्करणको एसिया कप महत्त्वपूर्ण छ। आशा छ, श्रीलंका र यूएई क्रिकेट बोर्डले राम्रो सहकार्य गर्नेछन् ।'

एसीसीले श्रीलंकाको संकटमा ऐक्यबद्धता पनि जनाएको छ । एसिया कपमा टेस्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, अफगानिस्तान छन् । एक टोली छनोट प्रतियोगिताबाट आउनेछ ।

# महिला युरो : उपाधिका लागि जर्मनी र इंग्ल्यान्ड भिड्ने

**काठमाडौं/एजेन्सी-** अलेक्जान्ड्रा पपको दुई गोलमा जर्मनीले बुधबार राति फ्रान्सलाई २-१ ले हराउँदै महिला युरोपियन च्याम्पियनसिपको फाइनलमा स्थान बनाएको छ । आठपटकको विजेता जर्मनीले अब उपाधिका लागि आयोजक इंग्ल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ ।

पपले खेलेको यो पहिलो युरोपियन च्याम्पियनसिप हो । चोटका कारण पपले पछिल्ला दुई महिला युरोपियन च्याम्पियनसिपमा खेल्न पाइनन् । उनले युरोपियन च्याम्पियनसिपका लागि नौ वर्ष पर्खनुपऱ्यो । तर, उनको त्यो लामो पर्खाइपछिको प्रतियोगिता सम्झनलायक बनेको छ । उनले जारी प्रतियोगितामा ६ गोल गरिसकेकी छन् ।

३१ वर्षीया पपले ४०औँ मिनेटमा गरेको गोलबाट जर्मनीले अग्रता लिएको थियो । ४४औँ मिनेटमा जर्मनीकी मार्ले फ्रोहम्सको आत्मघाती गोलमा फ्रान्सले बराबरी गरेको थियो। खेल सकिन १४ मिनेट बाँकी हुँदा पपले गरेको दोस्रो गोल जर्मनीको जितमा निर्णायक बन्यो ।

पपले सन् २०१३ मा जर्मनीबाट उपाधि जित्ने मौका गुमाएकी थिइन् । २०१२/१३ मा उल्फ्सबर्गबाट तेहेरो उपाधि जितेको सिजन पपको खुट्टाको लिगामेन्टमा चोट लागेको थियो। जसका कारण उनले युरोपियन च्याम्पियनसिप गुमाउनुपरेको थियो ।

२०१७ मा घुँडाको चोटका कारण उनले पुनः युरोपियन च्याम्पियनसिप गुमाउनुपऱ्यो। यस संस्करणमा पनि उनी एक महिनाअघि कोभिड-१९ संक्रमणबाट गुज्रिएकी थिइन्। तर, प्रतियोगिताअघि ठिक भएकी हुन् ।

पपले यो संस्करणका प्रत्येक खेलमा गोल गरेकी छन् । उनी प्रतियोगितामा गोल्डेन बुटको दावेदार पनि हुन् । पप र इंग्ल्यान्डकी बेथ मिडले समान ६ गोल गरेका छन् ।

**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पथरी, मोरङ्ग**
**१ नं. प्रदेश, नेपाल**

**सपिङ कम्प्लेक्स ठेक्काको प्रक्रिया स्थगित गरिएको सूचना**

**सूचना प्रकाशित मितिः २०७९/०४/१३**

प्रस्तुत सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०३/३१ मा प्रकाशित ठेक्का नं. EGP/NCB/078/079/25 (सपिङ्ग कम्प्लेक्स निर्माण) को वोलपत्र आव्हान गरिएकोमा प्रविधिक कारणले गर्दा उक्त ठेक्का वन्दोवस्त सम्बन्धी सम्पूर्ण प्रक्रिया हाललाई स्थगित गरिएको व्यहोरा वोलपत्रदाता तथा सरोकारवाला सम्पूर्ण महानुभावहरुको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

***कोहलपुर नगरपालिका***
***नगर कार्यपालिकाको कार्यालय***
***कोहलपुर, बाँके***
***लुम्बिनी प्रदेश, नेपाल***

***नगर प्रहरी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना***

***(प्रथम पटक सूचना प्रकाशन मिति २०७९/०४/१३)***

यस नगरपालिकाको लागि निम्न बमोजिमको पदमा कोहलपुर नगरपालिकाको नगर प्रहरी ऐन २०७७ बमोजिम खुल्ला तथा समावेशी प्रतियोगिताको माध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | वि.नं. | पद | खुल्ला | महिला | खस/आर्य | आदीवासी जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०७९-०८० | नगर प्रहरी निरीक्षक (भु.पु. नेपाल प्रहरीबाट) | १ | - | - | - | - | १ |
| २ | ३/२०७९-०८० | नगर प्रहरी सहायक निरीक्षक (भु.पु. नेपाल प्रहरीबाट) | १ | - | - | - | - | १ |
| ३ | ४/२०७९-०८० | नगर प्रहरी हवल्दार (भु.पु. प्रहरीबाट) | २ | - | - | - | - | २ |
| ४ | ५/२०७९-०८० | नगर प्रहरी जवान | ६ | ३ | १ | १ | १ | १२ |

पुनश्चः दरखास्त फारामको नमूना एवं विस्तृत सूचना कोहलपुर नगरपालिकाको वेवसाइट www.kohalpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**ROMANIA मा रोजगार** | कम्पनीः **JORDAN RIVER RECRUITMENT SRL**
शहर : **Pipera**

पूर्व स्वीकृत मितिः २०७८/१२/१३ चलानी नं.: ६०१७६६८९ LT. No260517 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Staff | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६६८९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 10 | 0 | | 650 | ७९०५३ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 4. | Factory Worker | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 5. | Gardener | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 6. | General Worker | 30 | 10 | | 550 | ६६८९१ | | | | | | | |
| 7. | Room Attendant | 10 | 10 | | 550 | ६६८९१ | | | | | | | |
| 8. | Store Keeper | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भैइरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट Gokarna Restaurant & Fun Park, इटहरी, सुनसरीमा २०७९ साउन २२ र २३ गते (7 & 8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9741714477, 9802705077, 9808107471, 9818841330, 9818841300
E-mail: document.globalhr@gmail.com, Web.: globalwelfarehrsolution.com

**UAE मा रोजगारको अवसर** | कम्पनी : **MIDDLE EAST BUILDING SECURITY LLC**
शहरः **UAE**

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०६६ LT. No.: 245770 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 15 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 20 | 15 | | 800 | २७,७७६ | | | | | | | |

कम्पनी : **RAK CLEANING SOLUTIONS LLC.** शहरः **ABU DHABI**

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६८३ LT. No.: 247587 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 300 | स. काममा दक्ष | 800 | २७,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २० गते (5 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८


**Perfect Recruiting Service Pvt. Ltd.**
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4350764, 4387640, Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१३ साउन २०७९, शुक्रबार
29 July 2022, Friday

स्पन्ज आइरन आयातमा छुट

# बढ्यो राजस्व, थपिए नयाँ उद्योग



**काठमाडौं/रासस** – सरकारले स्पन्ज आइरन आयातमा भन्सार तथा अन्तशुल्कमा छुट दिँदा राजस्वमा संकलनमा समेत वृद्धि भएको छ । तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले गत आर्थिक वर्ष २०७८/७९ का लागि प्रतिस्थान विधेयकमार्फत ल्याएको बजेटमा मुलुकभित्रै स्टिल बिलेट उत्पादनलाई प्रोत्साहन गर्ने जनाउँदै कच्चा पदार्थ (स्पन्ज आइरन) आयातमा भन्सार तथा अन्तशुल्क छुटको व्यवस्था गर्नुभएको थियो । सो व्यवस्थाले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको पाइएको हो ।

भन्सार विभागले सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्यांकअनुसार सरकारले स्पन्ज आइरन आयातमा छुट दिएपछि राजस्व संकलनमा वृद्धि भएको पाइएको हो । तथ्यांकअनुसार अघिल्लो आव २०७७/७८ को एक वर्षको अवधिमा नेपालमा विभिन्न देशबाट १९ करोड १५ लाख ९५ हजार १७० किलो स्पन्ज आइरनको आयात भएको थियो । उक्त स्पन्ज आइरन आयात हुँदा सात अर्ब ८७ करोड ९६ लाख ६८ हजार नेपाली रुपैयाँ बाहिरिएको थियो भने सरकारले एक अर्ब ४४ करोड ७३ लाख बराबर राजस्व संकलन गरेको थियो ।

अघिल्लो आव सात अर्ब बराबरको स्पन्ज आइरनको आयात भएकामा सरकारले छुट दिएसँगै गत आव झन्डै २४ अर्ब बराबरको आयात भएको छ । गत आव (२०७८/७९) को एक वर्षको अवधिमा २३ अर्ब ९८ करोड १६ लाख ८० हजार बराबरको ४१ करोड ५७ लाख ३३ हजार किलो स्पन्ज आइरनको आयात भएको हो । उक्त आयातबाट सरकारले तीन अर्ब २५ करोड ६२ लाख १३ हजार बराबर राजस्व संकलन गरेको छ ।

### बिलेट आयातमा कमी

सरकारले स्पन्ज आइरनको आयातमा छुट दिएसँगै एमएस बिलेट आयातमा कमी आएको छ । गत आवको तुलनामा चालु आव बीस अर्ब बढीले बिलेट आयातमा कमी आएको हो । भन्सार विभागको तथ्यांकअनुसार अघिल्लो आव २०७७/७८ वर्ष ७१ अर्ब ५२ करोड ९३ लाख ८९ हजार बराबरको बिलेट आयात भएको थियो । सरकारले भन्सार तथा अन्तशुल्कमा वृद्धि गरेसँगै गत आव २०७८/७९ मा ५१ अर्ब ३३ करोड तीन लाख बराबरको मात्रै बिलेट आयात भएको हो ।

बिलेट आयातमा कमी भएसँगै राजस्व संकलनमा समेत कमी आएको छ । अघिल्लो आव बिलेट आयात हुँदा १३ अर्ब १३ करोड ६८ लाख ४७ हजार बराबर राजस्व संकलन भएको थियो भने गत आव १० अर्ब ९४ करोड ९४ लाख ५२ हजार मात्र राजस्व संकलन भएको छ ।

प्रतिस्थान विधेयकमार्फत ल्याएको बजेटमा आयातित बिलेट (एमएस बिलेट) को अन्त:शुल्क बढाएर प्रतिकिलो दुई रुपैयाँ ५० पैसा बनाइएको थियो । यस्तै फलामे डण्डी बनाउन प्रयोग हुने बिलेट आयात गर्दा त्यसमा लाग्ने अन्त:शुल्क प्रतिटन र एक हजार ६५० बाट बढाएर दुई हजार ५०० बनाइएको थियो । यसअघि स्वदेशमा उत्पादित र आयात गरिएका दुवैमा प्रतिकिलो एक रुपैयाँ ६५ पैसा अन्त:शुल्क लाग्ने गरेको थियो । विदेशबाट स्पन्ज आइरन तथा स्टिल बिलेट आयातमा भन्सारदर ५-५ प्रतिशत थियो ।

### बजेटमा छुट दिएपछि थपिए उद्योग

सरकारले गत आर्थिक वर्षको बजेटमार्फत स्वदेशमा नै स्पन्ज आइरन उत्पादन गर्ने उद्योगलाई छुट दिएपछि पुराना उद्योगले लगानी बढाउन थालेका छन् भने नयाँ उद्योग दर्ता भएको छ । उद्योग विभागको तथ्यांकअनुसार बजेटमा नै छुटको व्यवस्था भएपछि पुराना चार उद्योगले लगानी थप र नयाँ दुई उद्योग दर्ता भएको उद्योग विभागका निर्देशक खगेन्द्रबहादुर बस्नेतले जानकारी दिए ।

उनका अनुसार स्पन्ज आइरन उद्योगलाई सरकारले छुटको घोषणा गरेपछि गोल्छा समूहले प्राइम स्टिल र सौरभ गुप्रले सर्वोत्तम स्टिल उद्योग दर्ता गरेका हुन् । गोल्छा समूहले पर्साको वीरगन्ज पोखरियामा साढे पाँच अर्ब र सौरभ गुप्रले वीरगञ्ज महानगरपालिकाको मनयारीमा उद्योग रहने गरी दर्ता गरेका छन् । उद्योग विभागमा दर्ता भएअनुसार प्राइभ स्टिलले १८ बिघा क्षेत्रफलमा फैलिने उद्योगबाट ४०० मानिसलाई प्रत्यक्ष रोजगारी दिने र उक्त उद्योगका लागि एक लाख केभिएको प्रसारण लाइन आवश्यक पर्ने उल्लेख गरेको छ ।

यस्तै उक्त उद्योग सञ्चालनमा आउँदा एचआर स्ट्रप्स वार्षिक तीन लाख ९६ हजार टन उत्पादन गर्नेछ । जसमध्ये टीमएमटी छड ७९ हजार २०० टन, वायर रड एक लाख १८ हजार ८०० टन र ७९ हजार २०० टन एमएस बिलेट उत्पादन गर्नेछ । सर्वोत्तम स्टिलले १५ बिघा क्षेत्रफलमा रहने सो उद्योगमा तीन अर्ब ३५ करोड लगानी रहेको उल्लेख गरेको छ । उक्त उद्योगले वार्षिकरूपमा चार लाख ४१ हजार मेट्रिक टन स्पन्ज आइरन उत्पादन हुनेछ । यस्तै उद्योगमा फलामजन्य वस्तु उत्पादनका लागि ३० मेट्रिक टनका दुईवटा इन्डक्सन फर्नेस (भट्टी) राखिनेछ । उक्त उद्योगलाई फलामजन्य वस्तु तथा स्टिल उत्पादनका लागि दुई दशमलव पाँच मेगावाट बिजुली आवश्यक हुने कम्पनीले जानकारी दिएको छ । विभागको तथ्यांकअनुसार काठमाडौं स्टिल्स, स्वस्तिक रोलिङ, प्रिमियर स्टिल र हुलास वायरले लगानी थपका लागि स्वीकृति लिएका हुन् ।

## सिटिजन्स बैंकको थप ३ शाखा संचालनमा



**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेसनल शाखा विस्तार गर्ने क्रममा तीन स्थानमा शाखाहरु संचालनमा ल्याएको छ। बैंकले भक्तपुरको सूर्यविनायक, धुम्बाराही र ललितपुरको थसिखेलमा शाखाहरु संचालनमा ल्याएको हो । यससँगै बैंकको काठमाडौं उपत्यकाभित्र यस बैंकको शाखा संख्या ३५ पुगेको छ।

सुविधा सम्पन्न यस शाखाहरु मार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरट व्यवसायीहरुमाझ वित्तीय पहुँच पुर्याउने लक्ष्य बैंकले राखेको बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बताए ।

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले आफ्ना १८० वटा शाखा, १३१ वटा एटिएम र ९६ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट करिब १४ लाख ७१ हजार ग्राहकलाई बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

## बिओकेका ग्राहकलाई कोरियन भाषामा छुट



काठमाडौं/मस - बैंक अफ काठमाण्डूका र कोरियन भाषा सिकाई संस्था थेयाङ हान्गुल ईन्स्टिच्युटबीच सम्झौता भएको छ। बैंक र इन्स्टिच्युटबीच बैंकका ग्राहकलाई भाषा कक्षा शुल्कमा २५ प्रतिशत छुट प्रदान गर्ने सम्झौता भएको हो। बैंकका कार्ड तथा मोबाईल बैंकिङ प्रयोगकर्ताले ललितपुरको ग्वार्कोमा रहेको थेयाङ हान्गुल ईन्स्टिच्युटबाट यो छुट पाउनेछन् ।

नेपाल सरकार, श्रम मन्त्रालय र गणतन्त्र कोरिया, रोजगार तथा श्रम मन्त्रालय बीचको समझदारी अनुरुप रोजगार अनुमती प्रणाली अर्न्तगत वार्षिक ९ हजारभन्दा बढि नेपाली नागरिकहरु कोरियन भाषा उत्तिर्ण गरि कामदारका रुपमा गणतन्त्र कोरिया गईरहेका छन् ।

हालसम्म बैंक अफ काठमाण्डूले १०३ शाखा कार्यालयहरु, ९८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकलाई बैंकिङ सुविधा प्रदान गर्दै आईरहेको छ ।

## नेपाल बैंकको मुद्दतीमा ६ वर्षमा दुई गुणा हुने

**काठमाडौं/मस** – नेपाल बैंकले नेपाल बैंक डबल धमाका मुद्दतीखाता सञ्चालनमा ल्याएको छ । व्यक्तिले यो मुद्दती खातामा लगानी गरेको रकम ६ वर्ष ४ महिना २० दिनमा दुई गुणा हुनेछ भने संस्थाको हकमा ७ वर्ष ३ महिनामा मुद्दतीको रकम दुईगुणा हुने बैंकले जनाएको छ ।

त्यसैगरी रेमिट्यान्सबाट प्राप्त रकम यो मुद्दती खातामा लगानी गर्दा छ बर्ष ११ महिना २ दिनमा दुईगुणा हुनेछ । यो मुद्दती खाता खोल्ने ग्राहकहरुले ५ लाखसम्मको क्रेडिट कार्ड सुविधा लगायत अन्य आकर्षक सुविधाहरु पनि प्राप्त गर्नेछन् । नेपालभरका सम्पूर्ण शाखाहरुमार्फत यो मुद्दती खाता खोल्न सकिने बैंकले जनाएको छ । बैंकले २१९ शाखाहरु, १८३ एटीएम साथै ४७ वटा एक्सटेन्सन काउन्टर मार्फत करिब २२ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्याईरहेको छ ।

## लुम्बिनीले गाडी किन्न कर्जा दिने



**काठमाडौं/मस** – लुम्बिनी विकास बैंक र एमएडब्लु अटो कोर्प तथा एमएडब्लु कमर्सियल भेहिकल्सबीच सम्झौता भएको छ । फोटोन र चङ्गन ब्राण्डका व्यक्तिगत तथा व्यवसायिक प्रयोजनका सवारी साधन खरिद गर्ने ग्राहकहरुलाई लगानी गर्ने उक्त सम्झौता भएको हो ।

सो सम्झौतापत्रमा लुम्बिनी विकास बैंकको तर्फबाट बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत पवन ढकाल र एमएडब्लु अटो कोर्प तथा एमएडब्लु कमर्सियल भेहिकल्सको तर्फबाट प्रबन्ध निर्देशक विवेक सिकारीयाले संयुक्त रुपमा हस्ताक्षर गरे ।

सो सम्झौतापत्र अनुसार लुम्बिनी विकास बैंकले सबै शाखाहरुबाट यो सुविधा लिन सकिनेछ । साथै सवारी साधन खरिद गर्न चाहने ग्राहकहरुले सो सेवा बिक्रेताको देशभरी रहेको १३ वटा शोरुम मार्फत खरिद गर्न सक्नेछन । लुम्बिनी विकास बैंकले हाल देशका सातवटै प्रदेशमा गरी ८६ वटा शाखाहरु मार्फत सेवा दिँदै आएको छ ।

## लक्ष्मी बैंकको सीईओमा पुन: शाह



**काठमाडौं/मस** – लक्ष्मी बैंकले प्रमुख कार्यकारी अधिकृतमा अजय बिक्रम शाहलाई पुन: नियुक्त गरेको छ । चार वर्षे कार्यकाल सकेका शाहलाई बैंक सञ्चालक समितिको बैठकले पुन: सीईओमा नियुक्त गर्ने निर्णय गरेको हो ।

उनी यसअघि २०७६ कात्तिकमा बैंकको सीईओमा नियुक्त भएका थिए। बैंकमा प्रमुख कार्यकारी अधिकृत रहेका सुदेश खालिङको कार्यकाल सकिएपछि शाहलाई बैंकले सिईओमा नियुक्त गरेको थियो । अहिले पुन: शाह नै सीईओ बनेका हुन् । अब उनले ४ वर्षका लागि काम गर्नेछन् । तीन दशक लामो बैंकिङ अनुभव भएका शाहकले करियरको सुरुवात स्यान्डर्ड चार्टर्ड बैंकबाट गरेका हुन् । उनले सो बैंकमा १० वर्ष काम गरेका थिए । शाहको नेतृत्वमा लक्ष्मी बैंकले आफ्नो छुट्टै छबि निर्माण गरेको छ। हरेक वित्तीय परिसूचकमा अब्बल रहेको लक्ष्मी बैंकले बैंकभित्रबाटै नेतृत्व चयन गर्ने अभ्यास आत्मसाथ गर्दै आएको छ ।

## एनआरएनए अमेरिकाको सहयोगमा प्रसूति गृह निर्माण




**सल्यान/मस** – सल्यान जिल्लाको कुमाख गाउँपालिका वडा न.१ टाट्के चौरमा गैरआवासीय नेपाली संघ (एनआरएनए) अमेरिकाले बनाएको प्रसूति गृह गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । प्रसूति गृह एनआरएनए अमेरिकाको प्रमुख आर्थिक सहयोग एवं मानव विकास तथा सामुदायिक सेवा चौरजाहरी अस्पताल र कुमाख गाउँपालिकाको समन्वयमा बनेको हो ।

करिब ३५ लाख लागतमा बनाइएको प्रसूति गृहको एनआरएनए अमेरिकाका वरिष्ठ उपाध्यक्ष कृष्णजिवि पन्थले गाँउपालिकाका उपाध्यक्ष लालबहादुर रावतलाई हस्तान्तरण गरे । हस्तान्तरण कार्यक्रममा एनआरएनए अमेरिकाका वरिष्ठ उपाध्यक्ष पन्थले दुर्गम बस्तीमा स्थापित प्रसूति गृहले यस क्षेत्रमा हजारौं स्थानीयबासीलाई राहत पुग्ने र यसको संरक्षण गर्न आगामी दिनमा स्थानीयबासीले सहयोग गर्नुपर्न बताए । उनले भने, 'हामी विदेशमा बस्ने नेपालीरूले यस्तो दुर्गम गाँउमा सहयोग गर्ने पाउँदा खुशी छौं ।'

सल्यान जिल्लाको विकट कुमाख गाउँपालिका वडा न.१ टाट्के दुर्गम गाउँ जहाँ एउटा प्रसूति गृह स्थापना गर्दा सयौं आमाहरूले आफ्ना सन्तानलाई सुरक्षित जन्म दिन सक्ने वरिष्ठ उपाध्यक्ष पन्थको विश्वास छ । प्रसूति गृहमा डाँडागाउँ, भितिवनचौर, नुवागाउ, साधनमुढा, भितिवन आसपासका ठाउँका सुत्केरीले सेवा लिन पाउने छन् ।

वरिष्ठ उपाध्यक्ष पन्थले प्रत्येक पटक नेपाल आउँदा मातृभूमिप्रति कर्तव्य बोध गर्ने अभियानको क्रममा यसपाली एनआरएनए अमेरिकाको सहयोग एवं समन्वयमा सल्यानमा बनेको प्रसूति गृहको भवन हस्तान्तरण गरिएको बताए ।

## सम्पत्ति शुद्धीकरणमा धितोपत्र बोर्डको निगरानी



**काठमाडौं/मस** – नेपाल धितोपत्र बोर्डले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारणमा सक्रिय रुपमा काम गर्ने जनाएको छ । बोर्डले बिहीबार आर्थिक वर्ष २०७९/७८ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै बजार सुपरिवेक्षण तथा सुदृढीकरणमा सक्रियता देखाएर सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी न्यूनिकरण गर्ने कुरामा भूमिका निर्वाह गर्ने बताएको हो ।

बोर्डका अध्यक्ष रमेश कुमार हमालले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अब एक महिनाभित्र करिब एक दर्जन प्राइभेट इक्विटी भेन्चरलाई लाइसेन्स दिने समेत बताए । उनले साना तथा मझौला उद्योगलाई लक्षित गर्दै प्राइभेट इक्विटी भेन्चर क्यापिटललाई सशक्त रुपमा अघि बढाउने बोर्डको नीति रहेको बताए ।

बोर्डको अध्यक्ष भएर आएको ५ महिनाको अवधिमै बजारमा धेरै सुधार ल्याएको अध्यक्ष हमालको दावी छ । 'म अध्यक्ष भएर आएको छोटो अवधिमै लाइभ ट्रेडिङ तथा फ्लोर सिटमा परिवर्तन ल्याएर ल्याएर लगानीकर्ताको सुरक्षालाई ध्यान दिएका छौं, त्यस्तै, एसएमई प्लेटफर्म सुधारको लागि ९० प्रतिशत काम सकिसकेका छौं, ब्रोकरहरुलाई टीएमएस प्रणाली लागू गर्न अघि बढेका छौं,' उनले बताए ।

## सगरमाथाले गर्‍यो दुई करोड ६५ लाखको दाबी भुक्तानी



**काठमाडौं/मस** – सगरमाथा इन्स्योरेन्सले दुई करोड ६५ लाखको बीमा दाबी भुक्तानी गरेको छ । इन्स्योरेन्सले २०७८ साल पुस २१ गते भारतको मलानपुरमा भएको सडक दुर्घटनाका कारण भएको क्षति अन्तर्गत हाइटेन्सन स्वीचगियरलाई दुई करोड ६५ लाख ७४ हजार ८४८ को बीमा दाबी भुक्तानी गरेको हो ।

सगरमाथा इन्स्योरेन्सका भक्तपुर शाखाका प्रमुख भरत अधिकारीले बिहीबार सो रकम बराबरको चेक स्विचगियरका अध्यक्ष द्वारिका श्रेष्ठलाई हस्तान्तरण गरेका छन् । सगरमाथा इन्स्योरेन्सले आर्थिक वर्ष २०७८/०७९ मा एक अर्ब ८५ करोड बराबरको रकम भुक्तानी गरेको थियो ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**